10 March 2025

National News

<u>मुख्य समाचार</u>

- लोकसभामा वित्तमन्त्रीले प्रस्तुत गर्नुभयो अनुपूरक अनुदान मागहरू
- राज्यसभामा रेलवे संशोधन विधेयकमाथि छलफल जारी
- प्रधानमन्त्री श्री नरेन्द्र मोदी दुई दिने मौरिसस भ्रमणमा जानु हुँदै
- न्यूजील्याण्डका प्रधानमन्त्री श्री क्रिस्टोफर लक्सन १६ तारिखदेखि पाँच दिने भारत भ्रमणमा आउनु हुने
- महिला प्रीमियर लीग क्रिकेटमा अहिले मुम्बई इन्डियन्स र गुजरात जायन्ट्सको भिडन्त हुँदै
- इन्डियन सुपर लीग फुटबलमा अहिले मोमडन स्पोर्टिङ क्लब अनि राउन्डग्लास पञ्जाबको भिडन्त हुँदै

<u>लोकसभा-अनुपूरक अनुदान माग</u>

सरकारले चालु आर्थिक वर्षमा थप ५१ हजार चार सय बयसठ्ठी करोड रुपियाँ खर्च गर्न संसदबाट अनुमति मागेको छ। वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले आज लोकसभामा अनुपूरक अनुदान मागहरूको दोस्रो चरण प्रस्तुत गर्नुभयो। सरकारले माग गरेको थप खर्च 6 लाख 78 हजार 508 करोड रुपियाँभन्दा बढी रहेको छ। अतिरिक्त खर्चमा खाद अनुदानका लागि 12 हजार करोड रुपियाँ र एकीकृत पेन्सन योजना सहित सरकारी कर्मचारीहरूको पेन्सनका लागि 13 हजार 449 करोड रुपियाँ समावेश छन्। कुल खर्चमा रक्षा पेन्सनका लागि आठ हजार चार 476 करोड रुपियाँ र दूरसञ्चार विभागका लागि पाँच हजार 322 करोड रुपियाँ पनि समावेश छ। केन्द्रीय सहायता अन्तर्गतको अतिरिक्त खर्च पूरा गर्न जम्मू कश्मीरका लागि तीन हजार 722 करोड रुपियाँभन्दा बढी माग गरिएको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयको अतिरिक्त खर्च पूरा गर्न एक हजार करोड रुपियाँ माग गरिएको छ।

## आरएस-रेलवे विधेयक

राज्यसभामा रेलवे संशोधन विधेयक 2024 माथि छलफल शुरु भएको छ। रेलमन्त्री श्री अश्विनी वैष्णवले आज राज्यसभामा छलफल र पारितका लागि रेलवे संशोधन विधेयक २०२४ प्रस्तुत गर्नुभयो। विधेयकले रेलवे बोर्डको शक्ति, कार्यप्रणाली र स्वतन्त्रता बढाउन रेलवे ऐन, 1989 मा संशोधन गर्ने प्रस्ताव गरेको छ।

श्री वैष्णवले भन्नुभयो, यस विधेयक मार्फत, भारतीय रेलवे बोर्ड ऐन, १९०५ का सबै प्रावधानहरूलाई रेलवे ऐन, 1989 मा समावेश गर्ने प्रस्ताव गरिएको छ। लोकसभाले यो विधेयकलाई पहिले नै अनुमोदन गरिसकेको छ।

## लोकसभा-कामदारहरू

सरकारले ई-श्रम पोर्टलमा ३० करोड ६८ लाखभन्दा बढी असंगठित कामदारहरू दर्ता भएको बताएको छ। असंगठित कामदारहरूको व्यापक राष्ट्रिय डाटाबेस सिर्जना गर्न यो पोर्टल सन् २०२१ मा सुरु गरिएको थियो। आज लोकसभामा श्रम तथा रोजगार राज्यमन्त्री सुश्री शोभा करन्दलाजेले कुल दर्ता भएका कामदारमध्ये ५३ प्रतिशतभन्दा बढी महिला रहेको बताउनु भयो। उहाँले भन्नुभयो, हालसम्म विभिन्न केन्द्रीय मन्त्रालय र विभागका १३ वटा योजनाहरूलाई ई-श्रमसँग एकीकृत गरिएको छ।

## प्रधानमन्त्री मोरिसस

प्रधानमन्त्री श्री नरेन्द्र मोदी अहिले केहीपछि दुई दिने भ्रमणमा मौरिसस जानु हुँदैछ। प्रधानमन्त्री मौरिससको राष्ट्रिय दिवस समारोहमा प्रमुख अतिथिको रूपमा सहभागी बन्नु हुनेछ। 12 मार्चमा मौरिससमा आयोजना हुने राष्ट्रिय दिवस समारोहको तयारी पूरा भएको छ।

मौरिससले १२ मार्च १९६८ मा ब्रिटिश शासनबाट स्वतन्त्रता प्राप्त गरेको थियो। त्यसैले, मौरिससमा हरेक वर्ष 12 मार्चमा राष्ट्रिय दिवस मनाइन्छ। २०१५ पछि यो दोस्रो पटक हो जब प्रधानमन्त्री श्री मोदी मौरिससको राष्ट्रिय दिवस समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुनेछ।

राष्ट्रपति - हरियाणा

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु आजदेखि हरियाणा र पञ्जाबको तीन दिने यात्रामा हुनुहुन्छ। आफ्नो भ्रमणको पहिलो दिन राष्ट्रपतिले हिसारमा रहेको गुरु जम्भेश्वर विज्ञान तथा प्रविधि विश्वविद्यालयको दीक्षान्त समारोहमा सहभागिता जनाउनुभयो।

पछि, उहाँले ब्रह्माकुमारी स्वर्ण जयन्ती समारोहको अवसरमा 'समग्र कल्याणका लागि आध्यात्मिक शिक्षा' राज्यस्तरीय अभियानको शुभारम्भ गर्नु भयो।

भोलि राष्ट्रपतिले पञ्जाब केन्द्रीय विश्वविद्यालय र एम्सको दीक्षान्त समारोहमा सहभागिता जनाउनु हुनेछ। साँझ, उहाँको सम्मानमा मोहालीमा पञ्जाब सरकारद्वारा नागरिक सम्मान समारोह आयोजना गरिएको छ। यसरी नै बुधबार, राष्ट्रपतिले चण्डीगढमा पञ्जाब विश्वविद्यालयको दीक्षान्त समारोहमा सहभागिता जनाउनु हुनेछ।

न्युजिल्याण्ड – प्रधानमन्त्री यात्रा

न्यूजील्याण्डका प्रधानमन्त्री श्री क्रिस्टोफर लक्सन यस महिनाको १६ तारिखदेखि पाँच दिने भारत भ्रमणमा आउँदै हुनुहुन्छ। उहाँसँगै मन्त्री, वरिष्ठ अधिकारी, अग्रणी व्यापारी, मिडिया प्रतिनिधि र भारतीय प्रवासी समुदायका सदस्यहरू सम्मिलित उच्चस्तरीय प्रतिनिधिमण्डल पनि भारत आउनेछ। भ्रमणको क्रममा प्रधानमन्त्री श्री लक्सनले प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग भारत-न्यूजील्याण्ड सम्बन्धका विभिन्न पक्षहरू विषय वार्ता गर्नुहुनेछ। उहाँ १० औं रायसिना संवाद २०२५ को उद्घाटन सत्रमा प्रमुख अतिथिको रूपमा उपस्थित रहनुहुनेछ। उहाँले राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुलाई पनि भेट्नुहुनेछ। प्रधानमन्त्री श्री लक्सनले मुम्बईको भ्रमण गर्नुहुनेछ अनि प्रमुख व्यवसायीहरूलाई भेट्नु हुनेछ।

विदेश मन्त्रालय-भारत-कम्बोडिया

कम्बोडियाको सिएम रीप क्षेत्रमा तेस्रो भारत-कम्बोडिया विदेश कार्यालय विचार विमर्श सम्पन्न भयो। बैठकमा राजनीतिक सहयोग, व्यापार र लगानी, रक्षा र सुरक्षा, विकास सहायता, सम्पदा संरक्षण र पुनर्स्थापना अनि व्यावसायिक मुद्दाहरू सहित द्विपक्षीय सम्बन्धका सबै पक्षहरूको समीक्षा भयो। दुवै पक्षले पारस्परिक हितका क्षेत्रीय र बहुपक्षीय मुद्दाहरूमा पनि विचार आदानप्रदान गरे। दुवै देशले द्विपक्षीय संलग्नताका विभिन्न क्षेत्रमा भएको प्रगतिप्रति सन्तुष्टि व्यक्त गरेका छन् र स्वास्थ्य र डिजिटल प्रविधिहरू सहित सहयोगका नयाँ मार्गहरू

खोजी गर्न सहमत भएका छन्। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व विदेश मन्त्रालयका सचिव (पूर्व) श्री जयदीप मजुमदारले गर्नुभएको थियो भने कम्बोडियाली प्रतिनिधिमण्डलको नेतृत्व विदेश तथा अन्तर्राष्ट्रिय सहयोग मन्त्रालयका सचिव डा. युएन खेङले गर्नुभएको थियो।

<u>उत्तरी रेलवे विशेष रेल</u>

होलीको समयमा यात्रीहरूको सुविधालाई ध्यानमा राखेर उत्तरी रेलवेले ४०० भन्दा धेरै विशेष रेलगाडी चलाउने भएको छ। उत्तरी रेलवेका प्रमुख जनसम्पर्क अधिकारी श्री हिमांशु शेखर उपाध्यायले आज नयाँ दिल्लीमा भन्नुभयो, यात्रीहरूको सुविधाको लागि व्यापक व्यवस्था गरिएको छ। उहाँले भन्नुभयो, नयाँ दिल्ली, आनन्द विहार र हजरत निजामुद्दीन रेलवे स्टेशनहरूमा सुरक्षा व्यवस्था, मिनी कन्ट्रोल रूम र यात्रीहरूको लागि प्रतीक्षा क्षेत्रहरू सिर्जना गरिएका छन्। श्री उपाध्यायले आवश्यक परेमा थप विशेष रेलहरू चलाइने बताउनु भयो।

<u>महिला क्रिकेट</u>

महिला प्रीमियर लीग क्रिकेटमा अहिले मुम्बईको ब्रेबोर्न स्टेडियममा मुम्बई इन्डियन्स र गुजरात जायन्ट्सको भिडन्त शुरु भएको छ। दुवै टीम दिल्ली क्यापिटल्ससित प्लेअफमा पुगिसकेका छन्। आजको म्याचमा टूर्नामिन्टको पहिलो फाइनलिस्ट तय हुन सक्ने सम्भावना रहेको छ।

<u>इन्डियन सुपर लीग</u>

इन्डियन सुपर लीग फुटबलमा अहिले मोमडन स्पोर्टिङ क्लब अनि राउन्डग्लास पञ्जाबको खेल कोलकातामा शुरु भएको छ। प्रतियोगितामा हिजो भएको खेलमा चेन्नयिन एफ सीले जमसेदपुर एफसीलाई दुईका विरुद्ध पाँच गोलले पराजित गरेको थियो।